# भैरहवा विशेष आर्थिक क्षेत्र सञ्चालन मापदण्ड तथा कार्यविधि

## २०७३

विशेष आर्थिक क्षेत्र विकास समिति (गठन) आदेश, २०६९ को दफा ४ मा उल्लेखित "समितिको काम, कर्तव्य र अधिकार" अन्तर्गत दफा ४(ख) मा विशेष आर्थिक क्षेत्र सञ्चालन तथा व्यवस्थापन सम्बन्धी विस्तृत मापदण्ड तथा कार्यविधि बनाउने व्यवस्था भए अनुरुप यो मापदण्ड तथा कार्यविधि बनाई जारी गरिएकोमा भैरहवा विशेष आर्थिक क्षेत्र सञ्चालन मापदण्ड तथा कार्यविधि, २०७१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, विशेष आर्थिक क्षेत्र विकास समिति (गठन) आदेश, २०६९ को दफा ४ को खण्ड (ख) बमोजिम विशेष आर्थिक क्षेत्र विकास समितिको सिफारिशमा नेपाल सरकारले यो मापदण्ड तथा कार्यविधि लाई पहिलो सम्सोधन गरी जारी गरेको छ ।[१]

### परिच्छेद १

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "भैरहवा विशेष आर्थिक क्षेत्र सञ्चालन (पहिलो संशोधन) मापदण्ड तथा कार्यविधि २०७३" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "अनुमतिपत्रवाला" भन्नाले उद्योग सञ्चालन गर्न अनुमति प्राप्त व्यक्ति सम्झनु पर्छ ।

(ख) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(ग) "कार्यकारी निर्देशक" भन्नाले गठन आदेश बमोजिम नियुक्त भएको वा तोकिएको कार्यकारी निर्देशक सम्झनुपर्छ ।

(घ) "केन्द्रीय कार्यालय" भन्नाले विशेष आर्थिक क्षेत्र विकास समितिको कार्यालय सम्झनुपर्छ ।

(ङ) "कार्यालय" भन्नाले भैरहवा विशेष आर्थिक क्षेत्र व्यवस्थापन गर्न खडा गरिएको भैरहवास्थित कार्यालय सम्झनुपर्छ र सो शब्दले दफा ४० को उपदफा (३) बमोजिम स्थापना हुने एकद्वार इकाईलाई समेत जनाउँछ ।" [२]

(च) "गठन आदेश" भन्नाले विशेष आर्थिक क्षेत्र विकास समिति (गठन) आदेश, २०६९ लाई सम्झनुपर्छ ।

---

[१] पहिलो संशोधनबाट थप

[२] पहिलो संशोधनबाट थप

(छ) "जग्गा" भन्नाले भैरहवा बिशेष आर्थिक क्षेत्रको स्वामित्व वा नियन्त्रणमा रहेको उद्योगलाई भाडामा दिने उद्देश्यले बिकसित जग्गा सम्झनुपर्छ ।

(ज) "प्रस्तावक" भन्नाले भैरहवा विशेष आर्थिक क्षेत्र भित्र उद्योग स्थापना गर्न मनशायपत्र वा प्रस्ताव पेश गर्ने व्यक्ति सम्झनुपर्छ ।

(झ) "मन्त्रालय" भन्नाले उद्योग मन्त्रालय सम्झनुपर्छ ।

(ञ) "मापदण्ड" भन्नाले क्षेत्रमा स्थापना गरिने उद्योगको छनौटको आधार र क्षेत्रमा स्थापना भएका उद्योगहरुलाई प्रदान गरिने छुट, सुविधा र सहुलियत प्रदान गर्न वा अन्य कुनै काम कारवाहीको लागि छनौट गर्ने आधार सम्झनुपर्छ ।

(ट) "दुरुपयोग" भन्नाले स्विकृतिपत्र प्रदान गर्दा जुन उद्देश्य र शर्तको लागि छुट सुविधा तथा सहुलियत प्रदान गरिएको हो सो उद्देश्य अनुरुप कार्य नगरेको कार्य सम्झनु पर्नेछ ।

(ठ) "स्विकृति पत्रवाला" भन्नाले भैरहवा विशेष आर्थिक क्षेत्र भित्र उद्योग स्थापना गर्न केन्द्रीय कार्यालयले स्विकृति प्रदान गरिएको व्यक्ति सम्झनु पर्नेछ ।

(ड) "समिति" भन्नाले गठन आदेश बमोजिम गठित विशेष आर्थिक क्षेत्र विकास समिति सम्झनु पर्छ ।

(ढ) "क्षेत्र" भन्नाले भैरहवा विशेष आर्थिक क्षेत्र सम्झनु पर्छ ।

## परिच्छेद २

## मनसायपत्र आह्वान गर्ने सम्बन्धी व्यवस्था

३. ..................[३]

४. ................[४]

५. ................[५]

६. ................[६]

७. ................[७]

८. ................[८]

९. ................[९]

१०. ...............[१०]

११. ..................[११]

१२. ..................[१२]

---

[३] पहिलो संशोधनबाट खारेज

[४] पहिलो संशोधनबाट खारेज

[५] पहिलो संशोधनबाट खारेज

[६] पहिलो संशोधनबाट खारेज

[७] पहिलो संशोधनबाट खारेज

[८] पहिलो संशोधनबाट खारेज

[९] पहिलो संशोधनबाट खारेज

[१०] पहिलो संशोधनबाट खारेज

[११] पहिलो संशोधनबाट खारेज

[१२] पहिलो संशोधनबाट खारेज

## परिच्छेद ३

प्रस्ताव आव्हान गर्ने सम्बन्धी व्यवस्था

१३. **प्रस्तावसम्बन्धी कागजात तयार गर्नुपर्नेः**[१३] **(१)** केन्द्रीय कार्यालयले प्रस्ताव आह्वान गर्नु अघि प्रस्तावसम्बन्धी कागजात तयार गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रस्तावसम्बन्धी कागजातमा देहायका कुराहरु उल्लेख गर्नु पर्नेछ :-

(क) क्षेत्रभित्र उद्योगको लागि उपलब्ध जग्गाहरुको विवरण,

(ख) प्रस्ताव मूल्याङ्कनका आधार,

(ग) प्रस्ताव पेश गर्ने व्यक्तिलाई दिइने निर्देशन,

(घ) उद्योग स्थापना तथा सञ्चालनको लागि प्रस्तावकसँग गरिने सम्झौताका मुख्य शर्तहरु,

(ङ) अन्य आवश्यक कुराहरु ।"

१४. **प्रस्ताव आह्वान गर्नु पर्नेः**[१४] (१) केन्द्रीय कार्यालयले क्षेत्रमा उद्योगहरुको स्थापना तथा सञ्चालन गर्नको लागि राष्ट्रियस्तरको दैनिक समाचारपत्रमा सूचना प्रकाशन गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्था वा व्यक्तिबाट प्रस्ताव आव्हान गर्नु पर्नेछ र त्यस्तो सूचना कार्यालयको वेभसाइटमा राख्नु पर्नेछ ।

**तर अनुसूची-१ बमोजिमका उद्योगमा विदेशी लगानीकर्ताले प्रस्ताव पेश गर्न पाउने छैनन् ।**

(२) उपदफा (१) बमोजिम प्रस्ताव आह्वानको सूचनामा देहायका कुराहरु खुलाउनु पर्नेछः-

(क) प्रस्ताव सम्बन्धी कागजात प्राप्त गर्ने कार्यालय र मिति,

(ख) उद्योग स्थापनाको लागि लिजमा दिइने जग्गा,

(ग) प्रस्ताव पेश गर्ने व्यक्ति वा संस्थाको योग्यता,

(घ) प्रस्ताव पेश गर्ने वा पठाउनु पर्ने स्थान, तरिका, अन्तिम मिति र समय,

(ङ) प्रस्ताव खोल्ने मिति, समय र स्थान,

---

[१३] पहिलो संशोधनबाट थप

[१४] पहिलो संशोधनबाट थप

(च) प्रस्ताव छनौट गर्ने आधारको संक्षिप्त विवरण,

(छ) प्रस्ताव उपर निर्णय गरिने अनुमानित मिति,

(ज) दफा १५ बमोजिम विवरण खुलाई प्रस्ताव पेश गर्नुपर्ने व्यहोरा,

(झ) अन्य आवश्यक कुराहरु ।

(३) उपदफा (१) बमोजिम प्रस्ताव आह्वान गर्दा पर्याप्त संख्यामा प्रस्ताव पेश हुन नआएमा प्राप्त प्रस्तावको मूल्याङ्कन गरी प्रक्रिया अघि बढाउन सकिनेछ र बाँकी रहेको क्षेत्रको हकमा पुनः पन्ध्र दिनको समय दिई प्रस्ताव आह्वान गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम पुनः प्रस्ताव आह्वान गर्दा पनि क्षेत्र बाँकी रहेमा दफा १९ को उपदफा (४) बमोजिम वार्ताद्वारा अनुमति दिन सकिनेछ ।"

**१५. प्रस्ताव पेश गर्नु पर्ने :** (१) नियम १४ बमोजिम प्रस्ताव पेश गर्न चाहने व्यक्तिले देहायका विवरणहरु खुलाई सोही नियम बमोजिम प्रकाशित सूचनामा उल्लिखित समयावधिभित्र केन्द्रीय कार्यालय समक्ष अनुसूची-२ बमोजिमको दरखास्त फाराम भरि प्रस्ताव हार्ड कपि वा इलेक्ट्रोनिक माध्यमबाट पेश गर्नु पर्ने छ :-

(क) प्रस्तावित उद्योगले उत्पादन गर्न चाहेको बस्तु वा सेवाको उत्पादनको आँकडासहितको राष्ट्रिय तथा अन्तराष्ट्रिय परिदृश्य,

(ख) माग तथा आपूर्तिको अवस्था,

(ग) उद्योगमा लगानी हुने पुँजी तथा त्यस्तो प्रकृति(स्वदेशी, विदेशी, अनुसूची-२ क बमोजिमको संयुक्त उपक्रम[१५]

(घ) विक्री गर्ने सम्भावित बजार,

(ङ) उद्योगको प्रस्तावित वित्तीय स्रोत,

(च) लागत तथा मुनाफा बराबर हुन लाग्ने समय **(Break Even Point),**

(छ) उत्पादनको प्रकृया र मेशिन औजार,

(ज) उद्योगको इञ्जिनियरिङ्ग प्रारुप (डिजाइन एण्ड इन्जिनियरिङ्ग लेआउट),[१६]

(झ) उद्योगले प्रयोग गर्ने स्वदेशी तथा विदेशी कच्चा पदार्थ, परिमाण, श्रोत,

(ञ) ..................[१७]

(ट) उद्योगको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन

---

[१५] पहिलो संशोधनबाट थप

[१६] पहिलो संशोधनबाट थप

[१७] पहिलो संशोधनबाट खारेज

तर क्षेत्रमा उद्योग स्थापना गर्न स्वीकृति प्राप्त गरेमा प्रचलित कानून बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन पेश गर्नु पर्नेछ । [१८]

(ठ) ..................[१९]

(ड) उद्योग स्थापना गर्न लाग्ने समय,

(ढ) उद्योगले उत्पादन सुरु गर्ने मिति,

(ण) ....................[२०]

(त) प्रस्तावित जग्गाको क्षेत्रफल,

(थ) प्रस्तावित जग्गा भाडामा लिने अवधि,

(द) उद्योग स्थापना गर्दा कुनै स्वदेशी वा विदेशी व्यक्ति वा संस्थालाई कुनै प्रकारको रोयल्टी (पेटेण्ट, डिजाइन र ट्रेडमार्क) बापत रकम भुक्तानी गर्ने भए त्यस्तो रोयल्टीको दर र किस्ताबन्दी रकम"[२१]

(ध) .......................[२२]

(न) .......................[२३]

(प) प्रस्तावित उद्योगको स्थिर पूँजी कम्तिमा २ (दुई) करोड[२४] हुनुपर्ने,

(फ) प्रस्तावित उद्योगलाई आवश्यक पर्ने उर्जा, उर्जा प्राप्त गर्ने श्रोत तथा उर्जा वचत गर्ने प्रविधि ।

(ब) केन्द्रीय कार्यालय वा कार्यालयले समय समयमा तोके बमोजिमका अन्य कुराहरु ।

(१ क) अनुमतिपत्र प्राप्त व्यक्तिले सम्झौता गरेको मितिले एक वर्षभित्र उद्योग स्थापना तथा सञ्चालन गरी वस्तु वा सेवा उत्पादन गर्नुपर्नेछ । [२५]

(१ ख) उपदफा (१क) बमोजिमको अवधिभित्र विशेष परिस्थिति परी उद्योग सञ्चालन गर्न

[१८] पहिलो संशोधनबाट थप

[१९] पहिलो संशोधनबाट खारेज

[२०] पहिलो संशोधनबाट खारेज

[२१] पहिलो संशोधनबाट थप

[२२] पहिलो संशोधनबाट खारेज

[२३] पहिलो संशोधनबाट खारेज

[२४] पहिलो संशोधनबाट थप

[२५] पहिलो संशोधनबाट थप

नसकेमा सो को कारणसहित म्याद समाप्त हुनुभन्दा पैंतीस दिन अगावै केन्द्रीय कार्यालय समक्ष निवेदन दिएमा सो निवेदन उपर आवश्यक जाँचबुझ गरी कारण मनासिव देखेमा केन्द्रीय कार्यालयले एक वर्ष म्याद थप गर्न सक्नेछ ।"[२६]

(२) .............................[२७]

(३) .............................[२८]

(४) .............................[२९]

(५) उपदफा (१) बमोजिम प्रस्ताव पेश भएपछि केन्द्रीय कार्यालयले सो प्रस्ताव दर्ता गरी त्यसको निस्सा प्रस्ताव पेश गर्ने व्यक्तिलाई दिनु पर्नेछ ।

**१५क. संशोधन वा म्याद थप गर्न सक्नेः**[३०] (१) प्रस्ताव सम्बन्धी कागजात वा कुनै विवरण पेश गर्ने प्रक्रियाको सम्बन्धमा कुनै कुरा संशोधन गर्न आवश्यक देखेमा केन्द्रीय कार्यालयले त्यसको कारण खुलाई संशोधन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम संशोधन गर्दा प्रस्ताव पेश गर्न तीस दिनभन्दा घटी समय हुने भएमा कम्तीमा तीस दिन हुने गरी र अन्य कुनै कारणले प्रस्ताव पेश गर्ने म्याद थप गर्नुपर्ने देखिएमा केन्द्रीय कार्यालयले त्यसको कारण खुलाई **सुरु सूचनाको अवधि वरावर** म्याद थप गर्न सक्नेछ । त्यसरी म्याद थप भएकोमा प्रस्ताव पेश गर्ने व्यक्तिले साविकको प्रस्ताव कायम राख्न वा प्रस्ताव फिर्ता लिई अर्को प्रस्ताव पेश गर्न सक्नेछ ।

**१५ख. स्पष्ट गर्न लगाउनेः**[३१] (१) प्रस्ताव पेश गर्ने व्यक्तिले प्रस्ताव सम्बन्धी कागजात वा प्रकृयाको सम्बन्धमा कुनै कुरा स्पष्ट गर्न प्रस्ताव पेश गर्ने अन्तिम मितिभन्दा कम्तीमा पन्ध्र दिन अगावै केन्द्रीय कार्यालयमा लिखित रुपमा अनुरोध गरेमा केन्द्रीय कार्यालयले त्यसरी अनुरोध गरेको सात दिनभित्र सो सम्बन्धमा स्पष्ट गरिदिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम स्पष्ट गरिएको विषयको जानकारी सबै प्रस्तावदातालाई गराउनु पर्नेछ ।

(३) **प्रस्तावमा उल्लेखित कुनै कुरा स्पष्ट नभएमा केन्द्रीय कार्यालयले प्रस्तावदातालाई अस्पष्ट कुरा स्पष्ट गर्न लगाउन सक्नेछ ।**

---

[२६] पहिलो संशोधनबाट थप

[२७] पहिलो संशोधनबाट खारेज

[२८] पहिलो संशोधनबाट खारेज

[२९] पहिलो संशोधनबाट खारेज

[३०] पहिलो संशोधनबाट थप

[३१] पहिलो संशोधनबाट थप

**तर त्यसरी कुनै कुरा स्पष्ट गर्दा प्रस्तावमा लेखिएको कुनै कुरा संशोधन वा परिवर्तन गर्न पाइने छैन ।**

१५ग. **प्रस्ताव खोल्दा मुचुल्का गर्नुपर्ने:**[३२] (१) केन्द्रीय कार्यालयले निर्धारित मिति, समय र स्थानमा उपस्थित भएसम्मका प्रस्तावदाता वा निजको आधिकारिक प्रतिनिधिको रोहबरमा प्रस्ताव खोली मुचुल्का गराउनु पर्नेछ । त्यसरी प्रस्ताव खोल्दा कुनै कैफियत देखिएमा सो व्यहोरा समेत मुचुल्कामा उल्लेख गर्नु पर्नेछ ।

**तर प्रस्तावदाता वा निजको आधिकारिक प्रतिनिधि उपस्थित नभएका कारणले मात्र प्रस्ताव खोल्न वाधा पर्ने छैन ।**

(२) यस कार्यविधि बमोजिम रीत नपुऱ्याई पेश भएको प्रस्ताव उपर कुनै कारबाही गरिने छैन ।"

१६. **अध्ययन प्रतिवेदन निःशुल्क उपलब्ध गराउनुपर्ने** : प्रस्तावकले उद्योग सम्बन्धमा समितिबाट भएको अध्ययन प्रतिवेदनको प्रतिलिपि माग गरेमा केन्द्रीय कार्यालयले निजलाई निःशुल्क उपलब्ध गराउनु पर्नेछ ।

१७. ....................[३३]

१८. **वार्ताद्वारा उद्योगको विस्तृत सम्भाव्यता अध्ययन गर्न सक्ने :** (१) यस कार्यविधीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिले विस्तृत सम्भाव्यता अध्ययन नभएको कुनै उद्योगको विस्तृत सम्भाव्यता अध्ययन गर्नको लागि केन्द्रीय कार्यालय समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको निवेदन उपर आवश्यक जाँचबुझ गर्दा विस्तृत सम्भाव्यता अध्ययन गर्न अनुमति दिन मनासिब देखिएमा केन्द्रीय कार्यालयले निवेदकसँग वार्ता गरी त्यस्तो उद्योगको विस्तृत सम्भाव्यता अध्ययन गर्न गराउन अनुमति दिन वा समिति आफैले गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम विस्तृत सम्भाव्यता अध्ययन गर्दा गराउँदा लागेको खर्च त्यस्तो विस्तृत सम्भाव्यता अध्ययन गर्ने गराउने व्यक्ति आफैले व्यहोर्नु पर्नेछ ।

(४) .........................[३४]

(५) ..........................[३५]

१९. **वार्ताद्वारा उद्योग सञ्चालन गर्न सक्ने** :(१) यस कार्यविधीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि केन्द्रीय कार्यालयले देहायका अवस्थामा कुनै उद्योग वार्ताद्वारा सञ्चालन गराउन सक्नेछ :-

---

[३२] पहिलो संशोधनबाट थप

[३३] पहिलो संशोधनबाट खारेज

[३४] पहिलो संशोधनबाट खारेज

[३५] पहिलो संशोधनबाट खारेज

(क) आवश्यक संख्यामा मनसायपत्र वा प्रस्ताव छनौट हुन नसकेको, वा

(ख) प्रतिस्पर्धा हुन सक्ने सम्भावना नभएको , वा

(ग) नयाँ अवधारणा वा प्रविधि समावेश भएको, वा

(घ) ..............................[३६]

(ङ) कुनै कारणले यस कार्यविधी बमोजिमको अन्य कार्यविधि अवलम्बन गर्न उपयुक्त नदेखिएको ।

(२) उपदफा (१) बमोजिम वार्ताद्वारा उद्योगको सञ्चालन गर्न चाहने व्यक्तिले देहायका कुराहरु खुलाई केन्द्रीय कार्यालय समक्ष निवेदन दिनु पर्नेछ :-

(क) निवेदकको नाम र ठेगाना,

(ख) निवेदक कम्पनी भए त्यस्तो कम्पनीको नाम, ठेगाना, कम्पनी स्थापना भएको वर्ष, संगठनात्मक स्वरुप, स्वामित्व तथा मुख्य कार्य क्षेत्र,

(ग) कार्यान्वयन गर्न चाहेको उद्योगको नाम, तरिका र संक्षिप्त विवरण,

(घ) उद्योगको उपादेयता र संभाव्यता सम्बन्धी विवरण,

(ङ) निवेदकको उद्योग सञ्चालन गर्न सक्ने आर्थिक तथा प्राविधिक हैसियत तथा अनुभव सम्बन्धी विवरण,

(च) उद्योग कार्यान्वयनको लागि निवेदकसँग भएका मेशिन,उपकरण तथा जनशक्ति,

(छ) वार्ताद्वारा उद्योग सञ्चालन गर्नुको कारण ।

(३) उपदफा (१) बमोजिम प्राप्त भएको निवदेन जाँचबुझ गर्दा केन्द्रीय कार्यालयले आवश्यक देखेमा निवेदकसँग थप कागजात वा विवरण माग गर्न सक्ने छ ।

(४) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा प्रस्तावित उद्योगको उपादेयता र सम्भाव्यता देखिई निवेदकको उद्योग सञ्चालन गर्न सक्ने आर्थिक तथा प्राविधिक क्षमता र अनुभव भएमा र सो उद्योग वार्ताबाट सञ्चालन गर्न उपयुक्त देखिएमा आधार र कारण सहित सम्पूर्ण विवरण खुलाई केन्द्रीय कार्यालयले स्वीकृतिको लागि समितिमा पेश गर्नु पर्नेछ ।”[३७]

(५) ..........................[३८]

(६) उपदफा (४)[३९] बमोजिम प्राप्त भएको उद्योग सम्बन्धी विवरण जाँचबुझ गर्दा प्रस्तावित उद्योग वार्ताद्वारा सञ्चालन गर्न मनासिब देखिएमा समितिले सो उद्योग वार्ताद्वारा सञ्चालन गर्न स्वीकृत गर्ने छ ।

[३६] पहिलो संशोधनबाट खारेज

[३७] पहिलो संशोधनबाट थप

[३८] पहिलो संशोधनबाट खारेज

२०. **<u>प्रस्ताव छनौट गर्ने :</u>** (१) नियम १५ वा १९ बमोजिम प्रस्ताव प्राप्त भएपछि केन्द्रीय कार्यालयले प्रस्ताव खोली देहायका आधारमा मूल्याङ्कन गर्नु पर्ने छ :-

(क) प्रस्तावकको आर्थिक हैसियत,

(ख) प्रस्तावकको प्राविधिक क्षमता तथा अनुभव,

(ग) प्रस्तावित जनशक्तिको कार्यदक्षता तथा अनुभव,

(घ) उद्योग कार्यान्वयन सम्बन्धी संगठनात्मक व्यवस्था, कार्यान्वयन प्रकृया तथा कार्यतालिका,

(ङ) उद्योगको सर्वेक्षण प्रविधि र इन्जिनियरिङ्ग डिजाइन,

(च) स्थानीय श्रोत र साधनको प्रयोग,

(छ) उद्योगलाई आवश्यक पर्ने उर्जा, उर्जा प्राप्त गर्ने श्रोत तथा उर्जा वचत गर्ने प्रविधि,

(ज) उद्योगको वातावरणीय अध्ययन प्रतिवेदन तथा वातावरणमा पर्न सक्ने प्रतिकूल असर न्यून गर्न अपनाइने उपाय,

(झ) उद्योग कार्यान्वयन सम्बन्धी वित्तीय स्रोत तथा तत्सम्बन्धी योजना,

(ञ) उद्योगलाई बढी संभाव्य तथा उपयोगी बनाउन पेश गरिएका अन्य बैकल्पिक प्रस्तावहरु,

(ट) केन्द्रीय कार्यालयलाई बुझाउने प्रस्तावित रोयल्टी वा अन्य प्रकारको रकम तथा सो रकम भुक्तानी गर्ने समय र तरिका,

(ठ) सम्झौताको प्रस्तावित अवधि ।

(ड) प्रस्तावकको वार्षिक उत्पादन क्षमता,[४०]

(ढ) मूल्य अभिबृद्धि ,[४१]

(ण) रोजगारी दिन सक्ने क्षमता,[४२]

(त) आधुनिक प्रविधि,[४३]

(थ) वैदेशिक मुद्रा आर्जन गर्न सक्ने क्षमता ।"[४४]

---

[३९] पहिलो संशोधनबाट थप

[४०] पहिलो संशोधनबाट थप

[४१] पहिलो संशोधनबाट थप

[४२] पहिलो संशोधनबाट थप

[४३] पहिलो संशोधनबाट थप

[४४] पहिलो संशोधनबाट थप

(२) उपदफा (१) बमोजिम प्रस्ताव छनौट गरेपछि केन्द्रीय कार्यालयले त्यसको जानकारी छिटो साधनद्वारा छनौट भएको प्रस्तावकलाई दिनु पर्नेछ ।

२१. **प्रस्तावको मुल्याङ्कन गर्नेः** (१) केन्द्रीय कार्यालयमा प्राप्त प्रस्तावको मुल्याङ्कनको लागि समितिद्धारा निम्न बमोजिमको एक उपसमिति गठन गरिनेछ ।

| | | | |
|---|---|---|---|
| (क) | कार्यकारी निर्देशक वा निजले तोकेको व्यक्ति | - | संयोजक |
| (ख) | प्रतिनिधि, उद्योग मन्त्रालय | - | सदस्य |
| (ग) | प्रतिनिधि, वाणिज्य तथा आपूर्ति मन्त्रालय | - | सदस्य |
| (घ) | प्रतिनिधि, उद्योग विभाग | - | सदस्य |
| (ङ ) | प्रतिनिधि, नेपाल उद्योग वाणिज्य महासंघ | - | सदस्य |
| (च) | प्रतिनिधि, नेपाल उद्योग परिसंघ | - | सदस्य |
| (छ) | सम्बन्धित क्षेत्रका विज्ञ दुई जना | - | सदस्य |
| (ज) | कार्यालय प्रमुख वा केन्द्रीय कार्यालयले तोकेको अधिकृत | - | सदस्य-सचिव ।[४५] |

(२) नियम १३ बमोजिम आएका प्रस्तावको मुल्याङ्कन गर्दा प्रस्तावमा नियम १५ बमोजिमका विवरण पर्याप्त नभएको पाइएमा केन्द्रीय कार्यालयले त्यस्ता प्रस्तावलाई संशोधन गरी पुनः पेश गर्न निर्देशन दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम प्रस्ताव पुनः पेश गर्न निर्देशन पाएको ७ दिन भित्र त्यस्तो प्रस्ताव पेश गरिसक्नु पर्ने छ ।

(४) उपसमितिले प्रस्ताव मूल्याँकन गर्नु अघि नियम २१ को आधारमा प्रत्येक प्रस्ताव मूल्याँकन गर्न थप आधार तयार गर्न सक्नेछ ।

तर उपदफा (१) को खण्ड (छ) बमोजिम सम्बन्धित क्षेत्रका विज्ञ प्रस्तावको प्रकृति अनुसार फरक पर्न सक्नेछ ।

२२. **समझदारीपत्र गर्न सक्ने :** नियम २० बमोजिम प्रस्ताव छनौट गरेपछि वा नियम १५ बमोजिम माग गरिएको विवरणका आधारमा उद्योग कार्यान्वयन गर्न उपयुक्त देखिएमा केन्द्रीय कार्यालयले प्रस्तावकसँग उद्योगको कार्यान्वयन गर्ने सम्बन्धमा समझदारीपत्र गर्न सक्नेछ ।

२३. ......................[४६]

---

[४५] पहिलो संशोधनबाट थप

[४६] पहिलो संशोधनबाट खारेज

## परिच्छेद ४

## अनुमतिपत्र सम्बन्धी व्यवस्था

२४. **प्रस्ताव स्वीकृति गर्ने :** (१) निवेदन दर्ता भएको ९०[४७] नब्बे दिन भित्र यस कार्यविधीका प्रकृया पुरा गरे पश्चात स्वीकृत वा अस्विकृत भएको जानकारी प्रस्तावकलाई दिइने छ ।

तर, नियम १९ बमोजिम पेश भएको प्रस्तावको हकमा समितिबाट सम्भाव्यता अध्ययन पूरा गरिएपछि मात्र उक्त प्रस्तावको मूल्याँकन गरिनेछ ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव स्विकृत भएको प्रस्तावकलाई जानकारी दिइएको ७ दिनभित्र केन्द्रीय कार्यालयबाट स्विकृतिपत्र प्रदान गरिनेछ ।

(३) उपदफा (१) बमोजिम कार्यालयले गरेको निर्णय उपर चित्त नबुझेमा प्रस्तावकले त्यस्तो जानकारी पाएको ७ दिनभित्र मन्त्रालय समक्ष पुनरावेदन दिन सक्नेछ र सो पुनरावेदनको सम्बन्धमा मन्त्रालयले गरेको निर्णय अन्तिम हुनेछ ।

(४) प्रचलित कानून बमोजिम दर्ता भई संचालनमा रहेको उद्योग विशेष आर्थिक क्षेत्रमा स्थानान्तरण गर्न स्वीकृति दिइने छैन र त्यस्तो उद्योगले प्रयोगमा ल्याइसकेका मेशिन, औजार वा उपकरण विशेष आर्थिक क्षेत्रमा प्रयोग वा हस्तान्तरण गर्न पाईने छैन ।

(५) क्षेत्रमा स्थापित हुने उद्योगले आफ्नो स्वामित्व वा शेयर बिक्री वा परिवर्तन वा हस्तान्तरण गर्नु परेमा अनुसची-२ख बमोजिमको सम्झौता केन्द्रीय कार्यालयमा पेश गरी स्वीकृति लिनु पर्नेछ ।[४८]

(६) क्षेत्रमा स्थापित हुने उद्योगले प्रविधि हस्तान्तरण गर्नु परेमा अनुसूची-२ग बमोजिमको सम्झौता पेश गरी केन्द्रीय कार्यालयबाट स्वीकृति लिनु पर्नेछ ।[४९]

२५. **सम्झौता गर्ने:**[५०] (१) दफा १५ बमोजिम प्राप्त विवरणको आधारमा प्रस्तावकसँग सम्झौता गर्न उपयुक्त देखिएमा केन्द्रीय कार्यालयले प्रस्तावकसँग सम्झौता गर्नेछ ।

(२) एकै प्रकृतिका उद्योगलाई सम्भव भएसम्म क्षेत्र निर्धारण (जोनिङ्ग) गरी एउटै ठाउँमा रहने गरी स्वीकृति प्रदान गर्न सकिनेछ ।"

२६. **सम्झौतामा खुलाउनु पर्ने कुराहरु :** सम्झौतामा देहायका कुराहरु खुलाउनु पर्नेछ :-

(क) उद्योगको विवरण,

(ख) उद्योग कार्यान्वयन शुरु गर्ने मिति र सम्पन्न गर्ने मिति,

(ग) उद्योगको निर्माण वा सञ्चालन गर्दा अनुमतिपत्र प्राप्त व्यक्तिले पाउने सुविधा तथा सहुलियत सम्बन्धी कुरा,

---

[४७] पहिलो संशोधनबाट थप

[४८] पहिलो संशोधनबाट थप

[४९] पहिलो संशोधनबाट थप

[५०] पहिलो संशोधनबाट थप

(घ) अनुमतिपत्रको अवधि,

(ङ) उद्योग कार्यान्वयनको चरणवद्ध विवरण र कार्यान्वयन तालिका,

(च) उद्योगको प्राविधिक गुणस्तर तथा स्टाण्डर्ड,

(छ) उद्योग सञ्चालन सम्बन्धी विवरण,

(ज) वैदेशीक कामदार भएमा आवश्यक पर्ने भिसा तथा श्रम स्विकृती,

(झ) उद्योग स्थापना गर्न लिजमा दिइने जग्गाको विवरण र लिजका शर्तहरु,

(ञ) उद्योगको सञ्चालन शर्त,

(ट) उद्योगले प्रयोग गर्ने कच्चा पदार्थको विवरण, श्रोत र परिमाण,

(ठ) उद्योग सञ्चालन गर्दा उपभोक्तासँग लिन पाउने शुल्क सम्बन्धी व्यवस्था,

(ड) उद्योगले निर्यात गर्ने सम्भाव्य बजार

(ढ) उद्योगको बीमा सम्बन्धी व्यवस्था,

(ण) केन्द्रीय कार्यालयलाई बुझाउनु पर्ने रोयल्टी र भुक्तानी विधि,

(त) उद्योग कार्यान्वयन गर्दा कुनै पक्षले सम्झौता बमोजिमको दायित्व पूरा नगरेको कारणबाट सम्झौता रद्द हुने अवस्था,

(थ) उद्योगको लागि आवश्यक पर्ने भवन जग्गा वा सेवा (विजुली, पानी आदी) प्रयोग गरे वापत निजले बुझाउनु पर्ने लिज वा बहालको रकम,

(द) उद्योग स्थापना तथा सञ्चालन गर्ने मिति,

(ध) उद्योगको उत्पादन निकासी गर्ने परिमाण,

(न) विदेशी लगानीकर्ता भए प्रविधि हस्तान्तरण गर्ने विषय,

(प) निकासी गर्ने तथा आन्तरिक बजारमा बिक्री गर्ने प्रतिशत,

(फ प्रस्ताव बमोजिमका अन्य कुराहरु ।

२७. **अनुमतिपत्र दिने :** नियम २५ बमोजिम सम्झौता गरेपछि केन्द्रीय कार्यालयले प्रस्तावकलाई उद्योगको सञ्चालन गर्न अनुमतिपत्र दिनेछ ।

२८. **अनुमतिपत्र रद्द गर्न सक्ने :** (१) अनुमतिपत्र प्राप्त व्यक्तिले सम्झौता बमोजिम उद्योग सञ्चालन प्रारम्भ नगरेमा वा यो कार्यविधी वा सम्झौता विपरीत कुनै काम गरेमा केन्द्रीय कार्यालयले अनुमतिपत्र प्राप्त व्यक्तिलाई सूचना दिई निजलाई दिइएको अनुमतिपत्र रद्द गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र रद्द भएमा अनुमतिपत्र प्राप्त व्यक्तिसँग गरिएको सम्झौता स्वतः रद्द भएको मानिनेछ ।

२९. **अनुमतिपत्रको अवधि र नवीकरण:** (१) अनुमतिपत्रको अवधि उद्योगको प्रकृति हेरी बढीमा तीस वर्षको हुनेछ ।

(२) अनुमतिपत्र नवीकरण गर्न चाहने अनुमतिपत्रवालाले अनुमतिपत्रको अवधि समाप्त हुनु नब्बे दिन अगावै अनुमतिपत्र नवीकरण गर्नको लागि कार्यालय समक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम निवेदन परेमा कार्यालयले दुईलाख रुपैयाँ नवीकरण शुल्क लिई एकपटकमा दश वर्षको लागि अनुमतिपत्र नवीकरण गर्न सक्नेछ ।[५१]

(४) अनुमतिपत्र नवीकरण सम्बन्धी अन्य व्यवस्था कार्यालय र सम्बन्धित उद्योग बिच भएको सम्झौता बमोजिम हुनेछ ।

३०. **प्रस्तावको अवधि नवीकरण नभएमा :** (१) अनुमतिपत्रवालाले नियम २९ को उपदफा (१) बमोजिमको अवधिभित्र अनुमतिपत्र नवीकरण नगराएमा त्यस्तो अनुमतिपत्र स्वतः रद्द हुनेछ ।

(२) अनुमतिपत्रवालाले देहायको कुनै काम गरे गराएमा कार्यालयले निजले पाएको अनुमतिपत्र रद्द गर्न सक्नेछः-

(क) सम्झौतामा उल्लिखित अवधिभित्र उद्योग स्थापना तथा सञ्चालन नगरेमा,

(ख) परिच्छेद - ५ बमोजिमको दायित्व पूरा नगरेमा,

(ग) सिफारिस गरिएको प्रतिशत भन्दा बढी परिमाणमा आफ्नो उत्पादन आन्तरिक बजारमा बिक्री गरेमा,

(घ) उद्योगले पाएको सुविधाको दुरुपयोग गरेमा,

(ङ) झुट्टा विवरण दिई त्यस्तो सुविधा प्राप्त गरेको प्रमाणित भएमा ।

(च) उचित पर्याप्त आधार विना उद्योग १ वर्ष भन्दा बढी समय उद्योग बन्द राखेमा ।

(३) उपदफा (२) बमोजिम अनुमतिपत्र रद्द गर्नु अघि सम्बन्धित अनुमतिपत्रवालालाई आफ्नो सफाई पेश गर्ने मनासिब मौका दिईनेछ ।

(४) उपदफा (१) वा (२) बमोजिम अनुमतिपत्र रद्द भएमा अनुमतिपत्रवालासँग भएको सम्झौता स्वतः रद्द भएको मानिनेछ ।

(५) उपदफा (१) वा (२) बमोजिम अनुमतिपत्र रद्द भएमा अनुमतिपत्रवालाले उद्योगमा गरेको लगानी बापत कुनै किसिमको क्षतिपूर्ति दावी गर्न पाउने छैन र स्वीकृतिपत्र रद्द भएको दिनदेखि कुनै सहुलियत र सुविधा प्राप्त गर्न सक्ने छैन ।

(६) उपदफा (१) वा (२) बमोजिम अनुमतिपत्र रद्द भएमा त्यसरी अनुमतिपत्र रद्द भएको मितिले एक वर्षभित्र अनुमति पत्रवालाले क्षेत्रमा रहेको आफ्नो अचल सम्पत्तिको व्यवस्थापन गरि अनुमति पत्रवालालाई दिएको जग्गा खाली गर्नु पर्नेछ ।

(७) उपदफा (६) बमोजिमको अवधिभित्र अनुमतिपत्रवालाले आफ्नो अचल सम्पत्तिको व्यवस्थापन गर्न नसकेमा त्यस्तो सम्पति बिशेष आर्थिक क्षेत्र बिकास समितिको हुनेछ ।

(८) उपदफा (२) बमोजिम अनुमतिपत्र रद्द गर्नु अघि कार्यालयले आवश्यक कुरा बुझ्न वा जाँचबुझ गराउन सक्नेछ ।

३१. **सम्झौता बमोजिम काम नभएमा :** (१) कुनै अनुमतिपत्रवालाले आफुले उत्पादन गरेको वस्तु वा सेवा २५% प्रतिशत भन्दा बढि नेपालको आन्तरिक बजारमा बिक्रि गरेमा केन्द्रीय कार्यालयले त्यस्तो अनुमतिपत्रवालालाई बिगो बमोजिम जरिवाना गर्न मन्त्रालय समक्ष सिफारिस गर्नेछ ।

(२) अनुमतिपत्रवालाले केन्द्रीय कार्यालय वा कार्यालयसंग गरेको सम्झौता पालना नगरेको कारणबाट कसैलाई हानी नोक्सानी हुन गएमा आवश्यक उपसमिति गठन गरी त्यस्तो हानी

---

[५१] पहिलो संशोधनबाट थप

नोक्सानी वापतको रकम सम्बन्धी अनुमतिपत्रवालाबाट हानी नोक्सानी पुगेको व्यक्तीलाई भराई दिन मन्त्रालय समक्ष सिफारिस गरिनेछ ।

(३) अनुमतिपत्रवालाले सम्फौता बिपरित उपदफा (१) र (२) देखि बाहेक अन्य कुनै काम गरेमा एक लाख रुपैंयासम्म जरिवाना वा बिगो बमोजिमको सजाय गर्न मन्त्रालय समक्ष सिफारिस गरिनेछ ।

(४) यस नियम बमोजिम अनुमतिपत्रवालालाई कुनै कारवाहि गर्न अघि निज उपर लागेको आरोपको सम्बन्धमा सफाई पेश गर्न मनासिव मौका दिईने छ ।

## परिच्छेद ५

## अनुमतिपत्रवालाको दायित्व सम्बन्धी व्यवस्था

३२. **अनुमतिपत्रवालाको दायित्वः** कार्यालयसंग गरेको सम्झौता, कार्यालयको सिफारिस, निर्देशन र प्रचलित ऐन वा उक्त ऐन अन्तर्गत बनेको नियमको पालना गर्नु अनुमतिपत्रवालाको दायित्व हुनेछ ।

३३ **निकासी गर्नु पर्ने :** (१) अनुमतिपत्रवालाले आफूले उत्पादन गरेको वस्तु वा सेवाको कम्तिमा ७५% प्रतिशत निकासी गर्नु पर्नेछ ।

(२) उद्योगले उपदफा (१) बमोजिम निकासी गरि बाँकी भएको वार्षिक उत्पादन मात्र नेपालको आन्तरिक बजारमा बिक्री गर्न पाउनेछ ।

(३) उपदफा (२) बमोजिम कुनै अनुमतिपत्रवालाले आफूले उत्पादन गरेको वस्तु वा सेवा नेपालको आन्तरिक बजारमा बिक्री गर्ने भएमा विस्तृत विवरण खुलाई सोको जानकारी कार्यालयलाई दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम आन्तरिक बजारमा वस्तु वा सेवा बिकी गर्दा कच्चा पदार्थको आयातमा प्रचलित कानुन बमोजिम बुझाउनु पर्ने सम्पूर्ण कर महशुल शुल्क आदि तिर्नु बुझाउनु पर्नेछ । आन्तरिक बजारमा बिकी गर्न पाउने वस्तुको प्रतिशत निर्धारण गर्दा सम्बन्धित उद्योगको कार्गो, बिल, बिजक, प्याकिङ्ग लिष्ट, खरिद आदेश, भन्सार सम्बन्धित कागजात र केन्द्रीय कार्यालयले गरेका सिफारिसको आधारमा निर्धारण गरिनेछ ।

(५) उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि पर्यटन तथा मनोविनोद सम्बन्धी उद्योगले उत्पादन गर्ने सेवाको हकमा सम्बन्धित उद्योगसंग गरिएको सम्झौता बमोजिम हुनेछ ।

३४. **भूबहाल बुझाउनु पर्नेः** अनुमतिपत्रवालाले कार्यालयले प्रदान गरेको जग्गाको प्रति महिना बीस रुपैयाँ प्रति वर्गमिटरका दरले **सम्झौता भएको मितिवाट** भूबहाल दस्तुर (भाडा) कार्यालयलाई बुझाउनु पर्नेछ। यो दर **सम्झौता भएकौं मितिवाट** प्रत्येक दुई वर्षमा दश प्रतिशतले बृद्धि हुनेछ **र प्रत्येक ६ (छ) वर्ष पछि सो अघि बृद्धि भएको रकम जोडी हुन आउने रकमलाई आधार दर कायम गरिनेछ ।**[५२]

३५. **आय व्ययको वार्षिक प्रतिवेदन पेश गर्नुपर्ने :** उद्योगले आय व्ययको वार्षिक प्रतिवेदन प्रचलित कानून बमोजिम प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले छ महिनाभित्र केन्द्रीय कार्यालय समक्ष पेश गर्नु पर्नेछ ।

३६. **ढल निकास :** (१) रसायनिक प्रदुषण भएको पानीको हकमा प्राथमिक उपचार (Preliminary Treatment) उद्योग आफैले गरि कार्यालयले तोकेको गुणस्तरमा पुऱ्याएपछि मात्र केन्द्रीय ढलमा छोड्नु पर्नेछ ।

(२) ठोस तथा तरल फोहोरमैला व्यवस्थापन गरे वापत उद्योगले कार्यालयलाई समितिले तोके बमोजिमको आवश्यक शुल्क तिर्नु पर्नेछ ।

---

[५२] पहिलो संशोधनबाट थप

३७. **अन्य सेवा शुल्क :** प्रचलित कानून अनुसार अन्य कुनै निकायलाई कुनै शुल्क, तिरो आदी तिनु पर्ने भएमा त्यस्तो सेवा शुल्क उद्योग आफैले तिर्नु पर्नेछ ।

३८. **पानी तथा बिजुली शुल्क :**[५३]

(क) **बिजुली :** कार्यालयले उद्योगलाई विद्युत उपलब्ध गराए वापत नेपाल विद्यत प्राधिकरणको दररेटमा दस्तुर तथा शुल्क तिर्नु पर्नेछ ।

(ख) **पानी :** कार्यालयले उद्योगलाई खानेपानी तथा औद्योगिक पानी उपलब्ध गराए वापत नेपाल खानेपानी संस्थानको दररेटमा दस्तुर तथा शुल्क तिर्नु पर्नेछ ।

[५३] पहिलो संशोधनबाट थप

## परिच्छेद ६

## छुट, सुबिधा तथा सहुलियतःसम्बन्धी व्यवस्था

३९. **छुट, सुबिधा तथा सहुलियतः** कार्यालयले क्षेत्रमा स्थापित उद्योगलाई आर्थिक तथा छूट, सुबिधा तथा सहुलियत प्रदान गर्नेछ वा सिफारिस गर्नेछ वा त्यस्ता छूट, सुबिधा र सहुलियत प्रदान गर्न सहजिकरण गर्ने छ ।

(क) प्रचलित कानून तथा गठन आदेश बमोजिम प्रदान गरिने छूट, सुबिधा र सहुलियत प्रदान गर्न सिफारिस गर्नेछ ।

(ख) कार्यालयले आफैले प्रदान गर्न सक्ने छूट, सुबिधा तथा सहुलियतहरु कार्यालय आफैले आवश्यकता अनुसार प्रदान गर्ने छ ।

(ग) उपदफा (१) बमोजिमको छूट पाउन उद्योगले सम्बन्धित विवरण सहितको अनुसूची-३, (३),(४),(५),(६),(७) अनुसार फाराम भरि निवेदन दिनु पर्नेछ ।

(घ) व्यवसायिक भिसा सम्बन्धी सुविधा माग गर्ने उद्योगले अनुसूची-८ अनुसार फाराम भरि निवेदन दिनु पर्नेछ ।

(ङ) गैह्र पर्यटकीय भिसा अध्ययनको लागि माग गर्ने उद्योगले अनुसूची-९ बमोजिमको निवेदन दिनु पर्नेछ ।

(च) क्षेत्रमा स्थापना भएका उद्योगमा काम गर्न आउने विदेशी कामदार, कर्मचारी, विशेषज्ञले श्रम स्वीकृति र प्रवेषाज्ञाको लागि क्रमशः अनुसूची-९क र ९ख बमोजिम निवेदन दिनु पर्नेछ । त्यसरी निवेदन प्राप्त भएमा श्रम स्वीकृति तथा प्रवेषाज्ञाका लागि सिफारिश गरिनेछ ।[५४]

४०. **अन्य सुविधाः**[५५] (१) क्षेत्रमा स्थापना भएको उद्योगले देहाय बमोजिमको सुविधा पाउनेछः-

(क) सम्झौतामा लेखिए बमोजिम वण्डेड वेयर हाउसको उपयोग गर्न,

(ख) क्षेत्रभित्रका उद्योग बीच **उत्पादनसँग सम्बन्धित विषयमा** सब-कन्ट्र्याक्टिङ्ग गर्न,

(ग) छरितो (एक्सलेरेटेड) दरमा ह्रास कट्टी गर्न,

(घ) आवश्यकता अनुसार निकासी, पैठारी सिफारिसपत्र,

(ङ.) उत्पत्तिको प्रमाणपत्रका लागि अनुसूची-१० बमोजिमको सिफारिसपत्र ।

(२) क्षेत्रभित्रका उद्योगहरुलाई देहाय बमोजिमका सेवाहरु उपलब्ध गराइने व्यवस्था गरिनेछः-

[५४] पहिलो संशोधनबाट थप

[५५] पहिलो संशोधनबाट थप

(क) कम्पनी तथा उद्योग रजिष्ट्रेशन,

(ख) भन्सार,

(ग) आन्तरिक राजस्व,

(घ) श्रम,

(ङ) अध्यागमन,

(च) बैंक,

(छ) बीमा,

(ज) फरवार्डिङ्ग,

(झ) पुस्तकालय,

(ञ) हुलाक,

(ट) सूचना तथा प्रविधि,

(ठ) औषधालय,

(ड) शिशु स्याहार केन्द,

(ढ) विद्युत प्राधिकरण,

(ण) चमेनागृह,

(त) दूरसञ्चार,

(थ) मनोरञ्जन,

(द) व्यवसाय प्रवर्धन सम्बन्धी परामर्श सेवा,

(ध) अन्य आवश्यक सेवाहरु ।

(३) उपदफा (२) बमोजिमको सेवाहरु उपलब्ध गराउन क्षेत्रमा अनुसूची-११ बमोजिमको एकद्वार इकाई रहनेछ ।

(४) उपदफा (३) बमोजिमको एकद्वार इकाईमा सम्बन्धित विषयगत मन्त्रालय तथा विभागहरुबाट कर्मचारीको व्यवस्थापन गरिनेछ ।

४१. **निकासीसरहको सुविधा पाउनेः** प्रचलित कानून बमोजिम स्थापना भएको कुनै फर्म, कम्पनी वा उद्योगले क्षेत्रमा स्थापना भएको उद्योगलाई आफ्नो कच्चा पदार्थ वा कुनै उत्पादन बिक्री गरेमा त्यस्तो बिक्रीलाई निकासीसरह मानी निकासी गरेवापत प्रचलित कानून बमोजिम कुनै सुविधा पाउने भए त्यस्तो फर्म, कम्पनी वा उद्योगलाई पनि सो सुविधा उपलब्ध गराउन सिफारिस गरिनेछ ।

४२ **भू-बहाल** : उद्योगले प्रयोग गरेको जग्गा वा भवनको वहाल वा लिज वापत बुझाउनु पर्ने रकममा उद्योग स्थापना भएको पहिलो, दोश्रो र तेश्रो वर्षको लागि क्रमशः पचास, चालिस र पच्चीस प्रतिशत छुट दिन कार्यालयले सिफारिस गर्नेछ ।

४३. ..........................[५६]

[५६] पहिलो संशोधनबाट खारेज

४४. **<u>विदेशी मुद्रामा खाता खोल्ने :</u>** क्षेत्रमा स्थापित उद्योग (कम्पनी) लाई प्रचलित कानून अनुसार विदेशी मुद्रामा खाता खोल्न सिफारिस दिइनेछ ।

४४क. **<u>राष्ट्रियकरण नहुने:</u>** क्षेत्रभित्र स्थापना भएका कुनै पनि उद्योगलाई राष्ट्रियकरण गरिने छैन ।[५७]

---

[५७] पहिलो संशोधनबाट थप

## परिच्छेद ७

## प्रशासन र व्यबस्थापन सम्बन्धी व्यवस्था

४५. **करार बमोजिम हुने :** (१) क्षेत्रमा स्थापना भएको उद्योगमा काम गर्ने कामदार वा कर्मचारीले पाउने सुबिधा, सुरक्षा उपाय, काम गर्ने समय, गर्नु पर्ने काम, पालना गर्नु पर्ने कर्तव्य, बिदा, औषधि उपचारको सुविधा, वोनस, वीमा वा अन्य कल्याणकारी व्यवस्था उद्योग र कामदार वा कर्मचारीबीच भएको करार बमोजिम हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि क्षेत्रमा स्थापना भएको उद्योगमा काम गर्ने कामदार वा कर्मचारीले पाउने पारिश्रमिक तथा अन्य सामाजिक सुरक्षा सम्बन्धी व्यवस्था प्रचलित कानुनले तोके भन्दा कम हुने छैन ।

४६. **गुनासो व्यवस्थापन समिति :** (१) क्षेत्रभित्र स्थापित उद्योगहरुमा कामगर्ने कामदार वा कर्मचारीहरुको गुनासो व्यवस्थापनको लागि क्षेत्रमा देहायवमोजिमको एक समितिको गठन गरिने छ ।

(क) क्षेत्रको कार्यालयको कम्तीमा अधिकृत स्तरको कर्मचारी एक जना,

(ख) क्षेत्रभित्रका सम्बन्धित लगानीकर्ताहरुको प्रतिनिधि एक जना,

(ग) क्षेत्रभित्रको कामदारहरुको तर्फबाट प्रतिनिधि एकजना

(२) उपदफा (१) वमोजिमको समितिले दिएको निर्णय चित्त नवुझने पक्षले श्रम अदालतमा उजुरी दिन सक्ने छ ।

४७. **उद्योगलाई हानी-नोक्सानी हुने काम गर्न नपाउने :** क्षेत्रमा स्थापित उद्योगमा कार्यरत कामदार तथा कर्मचारीले उद्योग तथा त्यसको उत्पादनमा प्रतिकूल असर पर्ने गरी कुनै काम कारवाही गर्न पाउनेछैन ।

## परिच्छेद ८

## बिबिध

४८. **प्रचलित कानून बमोजिम गर्ने :** यस कार्यविधिको दफाहरुमा[५८] लेखिए बमोजिम मन्त्रालय समक्ष सिफारिस भैआएका विषयमा मन्त्रालयले आवश्यक जाँचबुझ एवं तोकिएको प्रकृया पूरा गरी प्रचलित कानून बमोजिम गर्नेछ ।

४९. **अनुसूची हेरफेर गर्न सक्ने :** यस कार्यविधिमा अन्यत्र जे सुकै लेखिएतापनि नेपाल सरकारले आवश्यक ठानेमा अनुसूचीको हेरफेर तथा सो को संख्यामा थपघट गर्न सक्नेछ ।

५०. **स्थानिय कर :** क्षेत्र भित्रका उद्योगले प्रचलित कानुन अनुसार तिर्नु बुझाउनु पर्ने स्थानिय कर तथा अन्य सेवा शुल्क बुझाउनु पर्ने भएमा क्षेत्र भित्रै संकलन गर्ने व्यवस्था गरिनेछ ।

५१. **व्याख्या तथा वाधा अड्काउ फुकाउने व्यवस्था :** (१) यो कार्यविधिको व्याख्या समितिले गर्नेछ ।

(२) समितिले गरेको व्याख्या उपर नबुझेमा त्यस्तो व्याख्या भएको मितिले १५ दिनभित्र मन्त्रालय समक्ष निवेदन दिन सकिनेछ । मन्त्रालयले गरेको व्याख्या अन्तिम हुनेछ ।

(३) यो कार्यविधिको व्याख्या तथा कार्यान्वयन सम्बन्धमा कुनै वाधा अड्काउ आइपरेमा समितिले त्यस्तो वाधा अड्काउ फुकाउन मन्त्रालय समक्ष सिफारिस गर्नेछ ।

५२. **खारेजी: मूल कार्यविधिको दफा ३, ४, ५, ६, ७, ८, ९, १०, ११ र १२ खारेज गरिएका छन् ।**

---

[५८] पहिलो संशोधनबाट थप

अनुसूची -१[५९]

(दफा १४ को उपदफा (१०) संग सम्बन्धित)

**वैदेशिक लगानी नहुने उद्योगहरु**

१. घरेलु उद्योगहरु (अनसूची १२ मा घरेलु उद्योगको सूची उल्लेख गरिएको छ) ।

२. व्यक्तिगत सेवामूलक व्यवसायहरु (कपाल काटने, श्रृङगार गर्ने, सिलाई (टेलरिङ) ड्राईभिङ तालिम आदि व्यावसायहरु),

३. हात हतियार तथा खरखजाना उद्योगहरु ।

४. गोली गठ्ठा, बारुद ।

५. विकिरणजन्य पदार्थ सम्बन्धी उद्योगहरु ।

६. घर जग्गा खरिद बिक्री व्यवसाय (निर्माण उद्योगहरु बाहेक) ।

७. चलचित्र व्यवसाय (राष्ट्रिय भाषा र अन्य राष्ट्र भाषाहरु)

८. सुरक्षात्मक छपाई ।

९. मुद्रा तथा सिक्का व्यवसाय ।

१०. खुद्रा व्यावसाय (अन्तर्राष्ट्रिय श्रृखलाको रुपमा तत्काल दुई भन्दा बढी मुलुकमा कारोवार गरिरहेको) ।

११. विडी (९० प्रतिशत भन्दा बढी निकासी गर्ने बाहेक)

१२. आन्तरिक कुरियार सेवा ।

१३. आणविक शक्ति

१४. कुखुरा पालन ।

१५. माछा पालन ।

१६. मौरी पालन ।

१७. एकाउन्न प्रतिशतसम्म विदेशी लगानी भएको परामर्श सेवा बाहेक अन्य परामर्श सेवा (व्यवसाय, व्यावस्थान, लेखा, इन्जिनियरिङ्ग, कानूनी जस्ता व्यवसायहरु) ।

१८. श्रृङगार ।

१९. भाडामा खाद्यान्न कुटानी, पिसानी र पेलानी गर्ने कार्य ।

२०. स्थानिय क्याटरिङ्ग सेवा ।

२१. ग्रामिण पर्यटन ।

[५९] पहिलो संशोधनबाट संशोधित

**अनुसूची-२**

(दफा १५ को उपदफा (१) सँग सम्बन्धित)

उद्योगको अनुमतिको लागि दरखास्त फारम

श्री कार्यालय प्रमुखज्यू,
भैरहवा विशेष आथिक क्षेत्र,
भैरहवा ।

| |
|---|
| रु १०।– को टिकट |

महोदय,

भैरहवा विशेष आर्थिक क्षेत्रभित्र निम्न बमोजिमको उद्योग स्थापना गर्ने इच्छा भएकोले दरखास्त पेश गरेको छु/छौ । मैले/हामीले पेश गरेको निम्न लिखित व्यहोरा जाने बुझेसम्म ठिक दुरुस्त छ ।

**१. उद्योगको किसिमः साना/मझौला/ठुला**

**२. फर्म वा कम्पनीको प्रकृतिः (उपयुक्त स्थानमा चिन्ह लगाउनुहोस् )**

(क) सरकारी कम्पनी
(ख) लिमिटेड
(ग) प्राइभेट लिमिटेड
(घ) प्रोपाइटरशिप (एक्लौटी)
(ङ) साझेदारी
(च) अन्य कुनै ।

**३. उद्योगको बर्ग : उत्पादनमुलक/सेवा/कृषि तथा वनजन्य/पर्यटन/उर्जा/खनीज/निर्माण**

**४. उद्योग रहने स्थानः(क) अञ्चल–:** विशेष आर्थिक क्षेत्र : भैरहवा

**५. निवेदक (हरु) को** (क) नामः
(ख) स्थायी ठेगानाः
(ग) फोन नम्बरः
(घ) फ्याक्स :
(ङ) इमेल :
(च) नागरिकता
१. नागरिकता वा पासपोर्ट प्रमाण पत्रको नम्बरः
२. नागरिकता प्राप्त गरेको जिल्लाः
३. नागरिकता प्रमाण पत्र लिएको मितिः

**कम्पनी भएमा -** (१) दर्ता प्र.पत्र
(२) PAN,VAT दर्ता
(३) प्र.पत्र र नियमावली

**६. उद्देश्य :–**

| **उत्पादन सेवाको पुर्ण** | **वार्षिक क्षमता** | **मोल (Value)** | **खपत** | |
|---|---|---|---|---|
| | | | **खपत हुने देश** | **अनुमानित प्रतिशत** |
| | | | | |

(क) शिफ्ट संख्या :

(ख) शिफ्ट समय :..............................बजे देखि ................................. बजे सम्म

(ग) बाइ प्रोडक्ट्स **(By product)** कुनै भए त्यसको विवरण र सो को उपयोग

**७. लगानीको श्रोत** : (क) स्व लगानी :

(ख) बैदेशिक लगानी :

(ग) ऋण लगानी :

**८. उत्पादनको लक्ष :**

(आवश्यक परेमा छुट्टै कागजको प्रयोग गर्न सकिने छ ।)

| **वर्ष** | **परिमाण (इकाई) सेवामुलकको लागी आवश्यक छैन** | **रुपैया (लाखमा)** | **अमेरिकी डलर (हजारमा)** |
|---|---|---|---|
| पहिलो वर्ष | | | |
| दोश्रो वर्ष | | | |
| तेश्रो वर्ष | | | |
| चौथो वर्ष | | | |
| पाँचौ वर्ष | | | |

**९. निर्यात गर्ने लक्ष :**

| **वर्ष** | **रुपैया (लाखमा)** | **अमेरिकी डलर (हजारमा)** |
|---|---|---|
| पहिलो वर्ष | | |
| दोश्रो वर्ष | | |
| तेश्रो वर्ष | | |
| चौथो वर्ष | | |
| पाँचौ वर्ष | | |
| | | |

**१०. उद्योग स्थापना गर्न लाग्ने समय :**

**११. उद्योगले उत्पादन शुरु गर्ने मिति :**

**१२. विदेशी प्राविधिक सहयोग प्राप्त हुने त्यस सम्बन्धी भएको लेखापढी वा संझौताको विवरण ।**

**(उपयुक्त स्थानमा चिन्ह लगाउनसहोस्)**
विदेशि प्रविधि (छ) .....................................(छैन) .................................

(क) विदेशी कम्पनीको नाम, ठेगाना :
(ख) शर्तहरु

| **क्र.सं.** | **विवरण** | **रुपैया (लाखमा)** | **अमेरिकी डलर (हजारमा)** |
|---|---|---|---|
| अ) | डिजाइन तथा ड्रइङ्ग शुल्क | | |
| आ) | विदेशी प्राविधिकको खर्च | | |
| इ) | रोयल्टी (निर्यातमा) | | |
| ई) | रोयल्टी (घरेलु विक्री) | | |
| उ) | अन्य शुल्क | | |
| ऊ) | संझौताको समयावधि | | |

**१३. लगानी**

| **क.सं.** | **पुँजी** | **रुपैया (लाखमा)** | **अमेरिकी डलर (हजारमा)** |
|---|---|---|---|
| क) | कुल पुँजी | | |
| ख) | जारी पुँजी | | |
| ग) | चुक्ता पुँजी | | |

| **क.सं.** | **पुँजी लगानिकर्ता** | **रुपैया (लाखमा)** | **अमेरिकी डलर (हजारमा)** |
|---|---|---|---|
| क) | विदशी | | |
| ख) | Non Resident Nepalese | | |
| ग) | नेपाली | | |

**१४. कच्चामाल (मुख्य तथा सहायक )**

| **पुर्ण विवरण** | **वार्षिक चाहिने परिमाण** | **मोल** | **स्रोत** | | |
|---|---|---|---|---|---|
| | | | **नेपाल** | **भारत** | **अन्य देश** |
| | | | | | |
| | | | | | |

**१५. मेशिनः**

| **पुर्ण विवरण** | **मोल** | **स्रोत** | | |
|---|---|---|---|---|
| | | **नेपाल** | **भारत** | **अन्य देश** |
| | | | | |

**१६. मेशिनरीको लागी आवश्यक परिवर्त्य विदेशी मुद्रा :**

**१७. लगानी क्षेत्र :**

**१८. कर्मचारी, मजदुर**

| **क.सं.** | **विवरण** | **रुपैयाँ (लाखमा)** | **अमेरिकी डलर** |
|---|---|---|---|
| क) | भवन | | |
| ख) | मेशिनरी<br>(अ) **Indigenous**<br>(आ) **Import CIF Value**<br>(इ) जम्मा (अ) र (आ) | | |

**कर्मचारी** **स्वदेशी** **विदेशी** **जम्मा**

(१) प्राविधिक

(२) प्रशासनिक/व्यवस्थाकीय

**मजदुर**

(१) दक्ष

(२) अर्ध–दक्ष

(३) अदक्ष

कुल ................................. ................................. ..............................

**१९. उद्योगको लागी आवश्यक पर्ने जमिनको क्षेत्रफलको विवरण :**

**२०. पानीको आवश्यक परिमाण :**

**२१. उद्योगबाट हुने प्रदुषण सम्वन्धी स्तर र विवरण :**

(क) खेर जाने पानि **(Waste water Effluent ),** परिमाण (दैनिक)

(ख) खेर जाने ठोस पदाथ{ **(Solid Waste),** परिमाण (दैनिक)

(ग) बायु प्रदुषण

**२२. प्रदुषण र रोकथाम गर्ने उपायको विस्तृत विवरण :**

(क) खेर जाने पानीको उपचार **(Treatment)** कसरी गर्ने ?

(ख) **Effluent** को कहाँ कसरी छोडने रु

(ग) **Effluent** को गुणस्तर ने. गुण २२९ भित्र हुने/नहुने ?

(घ) **Solid water disposal** कहाँ कसरी गर्ने ?

(ङ) वायु प्रदुषणको रोकथाम कसरी गर्ने ?

(१) चिम्नी हुने भए उचाईः ?

(२) वायु प्रदुषणको रोकथाम कसरी गर्ने ?

(च) प्रयोग हुने रासायनिक पदार्थको विवरण :

(छ) हानिकारक **(Hazardous)** रसायनको परिचालन गर्नेविधि :

**<u>अन्य आवश्यक काजगातहरु :</u>**

(क) एक भन्दा बढी लगानीकर्ता (व्यक्ति वा कम्पनी) भएमा संयुक्त लगानी सम्झौता ।

(ख) विदेशी लगानीकर्ता व्यक्ति भएमा राहदानीको फोटोकपी ।

(ग) लगानीकर्ता कम्पनी भएमा कम्पनी दर्ताको प्रमाणपत्रको फोटोकपी र कम्पनीको विवरण ।

(घ) नेपाली लगानीकर्ता व्यक्ति भएमा नागरिकता प्रमाण पत्रको फोटोकपी ।

(ङ) लगानीकर्ता कम्पनी भएमा सम्बन्धित कम्पनीको संचालक समितिको निर्णय ।

(च) अधिकार पत्रको **(Power of Attorney)** प्रतिलिपि ।

(छ) विदेशी लगानीकर्ताको हकमा व्यक्तिगत विवरण **(Biodata)** ।

(ज) विदेशी लगानीकर्ताको बैंकबाट जारी भएको **Financial Credibility Certificate** वा स्थापित कम्पनीको **Subsidiary** भएमा **Credit Rating Agency** का **Rating** को विवरण ।

(झ) अन्य निकायको राय आवश्यक पर्नेमा सो को प्रति ।

अनुसूची - २ (क)[६०]

(दफा १५ को उपदफा (१) को खण्ड (ग) सँग सम्बन्धित ।

**शेयरमा लगानी गर्नको लागि संयुक्त सम्झौताको ढाँचा**

शेयरमा लगानी सम्बन्धी संयुक्त सम्झौतामा स्पष्ट र विशेष रुपमा उल्लेख गरे देखि वाहेक निम्नलिखित कुराहरु खुलाउनु पर्ने व्यवस्था गरिएको छ ।

(क) प्रस्तावनाः

(१) यदि लगानीकर्ताहरुले व्यक्तिगत रुपमा लगानी गरेको भएमा सबै पक्षहरुको नाम र पुरा ठेगाना (स्वदेशी तथा विदेशी) ।

(२) यदि लगानीकर्ता कम्पनी हो भने कम्पनीको नाम र ठेगानाको पूर्ण विवरण तथा कम्पनीको तर्फबाट प्रतिनिधित्व गर्ने व्यक्तिको नाम र पद ।

(ख) कम्पनीको नाम र उद्देश्य (यदि कुनै कम्पनी भएमा कम्पनीको प्रस्तावित नाम संलग्न गर्ने)

(ग) पूँजीको श्रोत र त्यसको ढाँचा संरचना । प्रत्येक पक्षले रुपैयाँ जम्मा शेयर जारी गरेको प्रतिशतमा शेयरमा योगदान गरेको आधारमा विवरण ।

(घ) शेयर लगानीको भुक्तानी तथा कर्जाः यदि नगद तथा अन्य (मेशिनरीहरु) प्रकृति । यदि नगदमा भएमा त्यसलाई विदेशी वा भारतीय मुद्रामा परिवर्त्य / सटही गरी उचित बैकिङ पद्दतिबाट भुक्तानी गर्नु पर्नेछ ।

(ङ) संचालक समितिमा प्रतिनिधित्व गर्ने सम्बन्धमा ।

(च) **भैरहवा विशेष आर्थिक क्षेत्रको** पूर्व स्वीकृति लिएर शेयर हस्तान्तरण गर्न र सम्झौता-पत्रमा आवश्यक संशोधन गर्न सकिनेछ ।

(छ) **मध्यस्थताः**

स्थिर पूँजी ५ करोड रकमसम्म लगानी भएको उद्योगमा कुनै विवाद सृजना भएमा **मूल कार्यविधिको दफा ४६ बमोजिम गठन भएको गुनासो व्यवस्थापन समितिको** रोहवरमा आपसी छलफल गर्दा उत्पन्न विवाद समाधान नभएमा, संयुक्त राष्ट्रसंघीय अन्तर्राष्ट्रिय व्यापार आयोग (UNCITRAL) अनुसार मध्यस्थताको माध्यमबाट विवाद समाधान गर्न सकिनेछ । मध्यस्थता सम्बन्धी कार्य काठमाडौंमा हुनेछ र नेपाल मध्यस्थता ऐन लागू गरिनेछ ।

स्थिर पूँजी ५ करोड भन्दा माथि लगानी भएको उद्योगमा विवाद उत्पन्न भएमा वैदेशिक लगानी सम्झौतापत्रमा उल्लेख गरिएको प्रावधान अनुसार विवादको समाधान गरिनेछ ।

(ज) **लागू हुने कानूनः** नेपालमा प्रचलित कानून लागू हुने छ ।

---

[६०] पहिलो संशोधनबाट थप

(झ) **सम्झौतापत्रको भाषा**: सम्झौतापत्रको भाषा नेपाली हुनेछ। विदेशी लगानीकर्तासंग सम्झौता गर्दा नेपाली र अंग्रेजी भाषामा गर्न सकिने छ। अस्पष्टता भएमा नेपाली भाषा लागू हुनेछ।

(ञ) **मितिः** सम्झौतापत्रमा उल्लेख भएको मिति लागू भएको मिति हुनेछ।

(ट) **साक्षीः** साक्षीको रोहवरमा प्रत्येक लगानीकर्ताले सहिछाप गरेको हुनु पर्नेछ।

उपरोक्त अनुसार उल्लेख गरिए बमोजिम संयुक्त लगानी सम्झौतापत्र तपशीलको ढाँचा वा उल्लेख भए अनुसार हुनेछ।

## सम्झौता-पत्रको ढाँचा

यो सम्झौता मिति २०... ... साल .... ... महिना ... गते देखि नेपाल कानून अनुसार दर्ता रही संचालनमा रहेको (स्वदेशी कम्पनीको नाम) (यस पछि ... ... ... ... ... ... भनिने छ), यसको मुख्य कार्यालय ... ... ...(स्वदेशी लगानीकर्ताको ठेगाना), र (विदेशी लगानीकर्ताको नाम) यस पछि (... ... ... ... ... ..) भनिने छ। प्रचलित कानून बमोजिम गठन भई (स्वदेशी/विदेशी लगानीकर्ताको देश) कानून बमोजिम संचालनमा रहेको, **मुख्य** कार्यालय (विदेशी लगानीकर्ताको ठेगाना) वीच यो सम्झौता गरी लागू गरिएको छ।

**पक्षहरु** (withnesseth)**:**

जसमा, 'क' नेपालको … … … … व्यवसायमा संलग्न रहेको छ ।

जसमा, 'ख' (विदेशी लगानीकर्ताको देशको नाम) को … … … … … व्यवसायमा संलग्न रहेको छ ।

जसमा, 'क' र 'ख' ले नेपालमा … … … … उद्देश्यले संयुक्त लगानी गरी नयाँ कम्पनीको स्थापना गर्ने इच्छा गरेकाले:

अव, त्यसकारण यसमा उल्लेखित मान्यतालाई ध्यानमा राख्दै र सहमतिमा आधारित भई 'क' र 'ख' ले सम्झौता गरी निम्न लिखित सहमति जनाएका छन् ।

**दफा १ नयाँ कम्पनीको स्थापना:**

१.१ नेपालको कानून अनुसार (कम्पनीको नाम … … … …) पक्षहरुले यस सम्झौता-पत्रको कार्यान्वयनका लागि साझेदारीमा कम्पनी स्थापना गरी संचालन तथा व्यवस्थापन गर्न सक्ने छन ।

१.२ नयाँ कम्पनीको नाम … … … … … … … … हुनेछ तथा नेपालको कम्पनी रजिष्ट्रार कार्यालय र पक्षहरुको सहमतिले कम्पनीको नाममा परिवर्तन (संशोधन) पनि गर्न सकिनेछ ।

सस्थापना गरिने नयाँ कम्पनीको केन्द्रिय कार्यालय, शाखा र अन्य व्यापारिक कार्यालय नेपालको … … … … … … … … … … हुनेछ र आवश्यकता अनुसार नेपाल भित्र जुन सुकै स्थानमा पनि खोल्न सकिनेछ ।

१.३ नयाँ कम्पनीको स्थापना तथा दर्ता गर्नको लागि प्रकृया तथा सम्बन्धित विषय वस्तुमा पक्षहरुले एक आपसमा छलफल तथा सहयोगको आदान प्रदान गर्ने सक्नेछन ।

**धारा २, व्यवसायीक उद्देश्य:**

नयाँ कम्पनीको व्यवसायीक उद्देश्य तल उल्लेख गरिए बमोजिम हुनेछ ।

(क) उत्पादन तथा विक्री … … … … … … … (उत्पादन र उत्पादन सम्बन्धि विवरण) ।

(ख) उद्देश्यहरु प्राप्ति गर्नका लागि कुनै वा सवै व्यवसायिक गतिविधिहरु संचालन गर्ने ।

**दफा ३ संस्थापना नियमावली:**

नयाँ कम्पनीको संस्थापना (यस पछि संस्थाको दर्ताको नियमावली भनिने छ) गर्न दुवै पक्षहरुले सहमति गरी कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति लिनु पर्ने छ । यदि सम्झौता-पत्र र संस्था संस्थापना नियमावली बाझिएमा पक्षहरुले संस्था संस्थापना नियमावलीमा संशोधन गरी सम्झौता बमोजिम गराउन सक्नेछन ।

**दफा ४ पक्षले भुक्तानी गरेको रकम र पूँजीको अनुपातः**

४.१ प्रस्तावित लगानीको कूल परियोजना लागत र प्रदान गरिएको जम्मा सम्पत्तिको विवरण तपशील अनुसार हुनेछ ।

कूल परियोजना लागतः ने.रु. ... ... ... ...

कूल सम्पत्तिः ने.रु. ... ... ... ...

४.२ पक्षहरुले नयाँ कम्पनीको संस्थापना गर्नको लागि बुझाएको जम्मा रकम तथा नयाँ कम्पनीको प्रत्येक पक्षलाई जारी गरिने शेयर र नयाँ कम्पनीमा प्रत्येक पक्षको सम्पत्तिको व्याजको अनुपात तपशील अनुसार हुनेछ ।

'क' **:** ने.रु. ... ... ... ... ... ... ... (शेयरहरु) ... ... ... ... ... %

'ख' **:** ने.रु. ... ... ... ... ... ... ... (शेयरहरु) ... ... ... ... ... %

जम्मा नेपाली रुपैयाँ ... ... ... ... ..(शेयरहरु) ... ... ... १०० %

४.३ संस्थापना गरेको समयमा पक्षहरुले प्रारम्भिक नेपाली रकम रु. ... ... ... ..., अनुच्छेद ४.२ मा उल्लेख गरेको अनुपातमा पक्षहरुले प्रारम्भमा नेपाली रुपैयाँ रु. ... ... ... बुझाउनु पर्नेछ ।

**दफा ५ शेयरको प्रकारः**

नयाँ कम्पनीले जारी गर्ने कुनै वा सवै शेयर एकै प्रकारका अंकित मूल्य प्रति शेयर ने.रु. ... ... ... भएका, शेयरमा शेयरधनी स्वयंको एकाधिकार नहुने, पूर्ण मताधिकार सहितका साधारण शेयरहरु हुनेछन ।

**दफा ६ शेयर खरिद प्रक्रियाः**

६.१ पक्षहरुले नयाँ कम्पनीले शेयर दफा ४.२ को प्रक्रिया पुरा गरी खरिद गर्न सक्नेछन र खरिद गरिएको शेयरको सम्पूर्ण रकम यो सम्झौता लागू भएको मितिले ... ...दिन भित्र बुझाई सक्नु पर्नेछ ।

६.२ 'क' ले नगदमै /वा अन्य कुनै प्रकारले भुक्तानी गर्नेछ ।

६.३ 'ख' ले उपयुक्त बैंकिङ्ग पद्धतिबाट ने.रु. ... ... ... ... ... रुपैयाँ बरावर परिवर्त्य विदेशी मुद्रा/भारतीय रुपैयाँ भुक्तानी गर्नेछ ।

**दफा ७ शेयरको हस्तान्तरणः**

७.१ कुनै पक्षले अन्य पक्षको पूर्व स्वीकृती विना शेयर बिक्री गर्न वा अन्य अधिकार हस्तान्तरण गर्न सक्ने छैन ।

७.२ यदि नयाँ कम्पनीमा कुनै पक्षले शेयर हस्तान्तरण गर्न चाहेमा हस्तान्तरण गर्ने शर्त तथा बन्देजहरु तथा हस्तान्तरण गर्ने विषय संचालक समितिलाई जानकारी गराउनु पर्नेछ। यस्तो सूचना प्राप्त भए पछि संचालक समितिले आफ्ना कम्पनीका शेयरधनीहरुलाई शेयर विक्रीमा रहेको जानकारी तत्कालै उपलब्ध गराउनु पर्ने छ र शेयर खरिद गर्ने वा नगर्ने विश्वस्त हुनु पर्नेछ। यदि प्रस्ताव गरिएको शेयर खरिद गर्नको लागि सूचना गरिएका शेयरधनीहरु इच्छुक भएमा बाँकी रहेका शेयरधनीहरुलाई सो शेयर बाँडफाँड गर्नु पर्नेछ। यदि बाँकी रहेका सवै शेयरधनीहरुले विक्रीका लागि प्रस्ताव गरिएका शर्त तथा बन्देजहरु अनुसार सूचना पाएको मिति देखि तोकिएको ... ... दिन भित्रै शेयर खरिद गर्न नचाहेमा वा तिनीहरुले त्यस्ता शेयर खरिद गर्न इन्कार गरेमा, पक्षले विक्री गर्न चाहेको शेयर अन्यत्र बिक्री गर्न सक्नेछ।

तर प्रस्ताव गरिएका शर्त तथा बन्देजहरु (यति रकम भनी नतोकिएको) बाँकी शेयरधनीहरुको लागि लागू हुने छैन।

७.३ शेयर विक्री गरिने तेश्रो पक्षले अर्को पक्षलाई यो सम्झौता बमोजिम यस सम्झौताका शर्त तथा बन्देजहरु पालन गर्न मञ्जुर गरी तथा सम्झौतामा उल्लेख गरिएका शर्तहरु पूर्ण रुपमा पालन गर्न मञ्जुर छ, सम्पूर्ण दायित्वहरु पूरा गर्न मञ्जुर छ भनी नयाँ कम्पनीलाई लिखित रुपमा कबुलियतनामा गर्नु पर्नेछ।

७.४ शेयर हस्तान्तरण गर्न चाहेको सूचना तथा त्यस्ता हस्तान्तरण सम्बन्धि सूचना तोकिएको दफामा उल्लेख भए बमोजिम लिखित रुपमा उपलब्ध गराउनु पर्नेछ।

७.५ यस नियमावली बमोजिम सरकारबाट वैधता पाएको कुनै किसिमका शेयर हस्तान्तरण गर्न नेपालमा स्वीकृति पाईनेछ।

## दफा ८ प्रिइम्पिटिभ अधिकार :

८.१ यदि कुनै नयाँ वा पून: शेयर जारी गर्नु परेमा सम्झौता-पत्रका पक्षहरुलाई, अन्य वाह्य समूह, राष्ट्रबाट हुन सक्ने अनपेक्षित कार्य रोक्न, उनीहरुले स्वामित्व ग्रहण गरेको शेयरको आधारमा प्रिइम्पिटिभ अधिकार हुनेछ। जे जस्तोसुकै भएतापनि, सबै शेयरधनीहरु वीचको सहमतिमा, अनपेक्षित तवरबाट हुन सक्ने कार्य विरुद्ध प्रिइम्पिटिभ अधिकार रोक्न आवश्यक अभ्यास गर्न उनीहरुले लिएको शेयरको अनुपातमा वा स्वामित्व ग्रहण गरेको अनुपातको आधार हनेछ।

८.२ यदि कुनै पक्षले पूर्ण वा आंशिक रुपमा अनपेक्षित कार्य रोक्नको लागि, प्रिइम्पिटिभ अधिकारको अभ्यास गर्न नचाहेमा त्यस्ता पक्षले त्यससँग सम्बन्धित मनसाय संचालक समिति समक्ष राखी नयाँ शेयर बाँडफाँड भएको जानकारी गराउन सक्नेछ। यस विषयमा, अन्य पक्षले त्यस्तो माग नभएको नयाँ शेयर हकमा अनपेक्षिक कार्य रोक्ने प्रिइम्पिटिभ अधिकार हुनेछ।

८.३ यस सम्झौता-पत्रको विभिन्न दफा बमोजिम कुनै पनि पक्षले नयाँ शेयर माग गरेमा, सञ्चालक समितिको निर्णय बमोजिम निर्धारित शर्त तथा बन्देजहरुको आधारमा शेयर लिन चाहने पक्षलाई बाँडफाँड गरिनेछ।

**दफा ९ शेयरधनीहरुको साधारणसभा :**

कम्पनी संस्थापना सम्बन्धी दफामा उल्लेख भएदेखि वाहेक कम्पनीको शेयरधनीहरुको साधारणसभामा पेश गरिने प्रस्तावमा निर्णय गर्न (यसपछि शेयरधनीहरुको साधारणसभा भनी भनिने छ) शेयरधनीहरुको बहुमतको आधारमा जारी गरेको शेयर संख्याको हुन आउने पचास प्रतिशत भन्दा बढी शेयरधनीहरु उपस्थित हुनु पर्नेछ ।

**दफा १० सञ्चालक समितिः**

प्रत्येक पक्ष वा व्यक्तिले यस दफामा व्यवस्था गरे बमोजिम कम्पनीमा आफ्नो मताधिकार प्रयोग गर्न सक्नेछन र आवश्यक ठानेमा त्यस्ता प्रकृयाहरु निर्धारण गर्न सक्नेछ ।

१०.१ सञ्चालक समितिमा ... ... ... सदस्यहरु हुनेछन् । जसमा 'क' भन्ने पक्षले ... ... ... जनासम्म र 'ख' भन्ने पक्षले ... ... जनासम्म मनोनित गर्न सक्नेछ । कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति लिई यसमा आवश्यक परिवर्तन गरी लागू गर्न सक्नेछ ।

१०.२ यदि कुनै पक्ष वा व्यक्तिले आफुले मनोनयन गरेको सञ्चालकलाई कारण सहित वा विना कारण परिवर्तन गर्न चाहेमा, अर्को पक्ष वा व्यक्तिले परिवर्तन गर्न दिएको सहमति बमोजिम व्यवस्था गरे अनुरुप वा जे जस्तो सुकै भएता पनि, यदि विना कारण त्यस्तो परिवर्तन गरेमा, परिवर्तन गर्ने पक्षको कारणले गर्दा अर्को पक्षलाई हुनसक्ने हानी-नोक्सानी वा क्षति भएकोमा त्यस्तो भएको क्षतिपूर्तिको लागि निवेदन गर्न सक्नेछ ।

१०.३ सञ्चालक समितिको बैठकमा पेश गरिने प्रस्तावहरु, वहुसंख्यक संचालकको सकारात्मक मतको आधारमा, बैठकमा उपस्थित बहुसंख्यक संचालकहरुको निर्णय वमोजिम पारित हुनेछ ।

१०.४ सञ्चालक समितिको बैठक बोलाउन पर्ने आवश्यकता भएमा वा सल्लाह बमोजिम वा कुनै पनि सञ्चालकले बैठक बोलाउन आग्रह गरेमाअध्यक्षले सञ्चालक समितिको बैठक बोलाउन सक्नेछ ।

१०.५ सञ्चालक समितिको अध्यक्षतामा सञ्चालकहरु मध्येबाट नै सर्वसम्मत रुपमा अध्यक्षको चयन गरिने छ ।

**दफा ११ सञ्चालकहरु वीच एक आपसमा अधिकारको वाँडफाँडः**

प्रत्येक सञ्चालकको काम, कर्तव्य र अधिकार सञ्चालक समितिले निर्धारण गरे वमोजिम हुनेछ ।

**दफा १२ बैधानिक लेखापरीक्षकः**

